अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादीहरु छविरमण अधिकारी, बसन्त मल्ल, मधुवन लाल श्रेष्ठ, मधुरलाल सिन्या, भरतकाजी श्रेष्ठ, रिता बादे श्रेष्ठ सेवाचार्य, लोकेन्द्रमान कर्माचार्य, राजु पोखेल, प्रदिप बहादुर कर्माचार्य, विकास श्रेष्ठ र रविन लामा (मुद्दा नं.०७७-CR-००८५) **फैसला मिति** २०८०।११।१०	भ्रष्टाचार (रकम हानी नोक्सानी समेत)	**आयोगको माग दावी** (क) प्रतिवादीहरु सावित रोयल मर्चेन्ट बैंकिङ एण्ड फाईनान्स लि.का लागि नागरिक लगानी कोषका प्रतिनिधी सञ्चालक छविरमण अधिकारी, सावित रोयल मर्चेण्ट बैंकिङ एण्ड फाईनान्स लि. का संचालक अध्यक्ष बसन्त मल्ल, प्रबन्ध सञ्चालक मधुवन लाल श्रेष्ठ, संचालक मधुरलाल सिन्या, संचालक भरतकाजी श्रेष्ठ, सावित एपेक्स डेभलपमेन्ट बैंकका संचालक रिता बादे श्रेष्ठ सेवाचार्य र संचालक लोकेन्द्रमान कर्माचार्यले आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालना गर्दा सार्वजनिक संस्थाको रु.२,०१,९४,५५६।३९ (दुई करोड उन्नाइस लाख चारहजार पाँच सय छपन्न रुपैयाँ उनान्चालिस पैसा) सम्पत्ति बदनियत तथा लापरवाही गरी हिनामिना तथा हानि नोक्सानी गरेको कुरा पुष्टि हुन आएको र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुरुपको कसूर भएको हुँदा निज प्रतिबादीहरुलाई निजहरुले हिनामिना गरेको सार्वजनिक संस्थाको उक्त सम्पत्ति विगो कायम गरी उक्त विगो ऐ. दफा १७ बमोजिम नेपाल क्रेडिट एण्ड कमर्स बैक लि.लाई भराई सोही दफा १७ मा उल्लेख भएबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जरिवाना गरी दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) बमोजिम कैद समेत गरी पाउन मागदावी । (ख) प्रतिवादी मध्येका राजु पोखेलले धितोको मूल्यांकन गरी प्रतिबेदन दिँदा बदनियतपूर्वक भए गरेका कुरा लुकाई छिपाई नभएको कुरा देखाई जग्गाको वढी मुल्यांकन गरी गलत प्रतिबेदन दिएको कुरा पुष्टि हुन आएको र निजको उक्त कार्य भ्रष्टाचार निवारण	• प्रतिवादीहरुले आरोपदावीको कसूर गरेकोमा ईन्कारी वयान गरेको देखिएको, • ऋण प्रवाहको कैफियत एवम् ऋण असूलीका सम्बन्धमा यिनै प्रतिवादीहरु समेत उपर बैङ्किङ्ग कसूरमा सक्षम अदालतमा मुद्धाहरु बिचाराधिन रहेको तथा कतिपय मुद्दामा ऋण असूली न्यायाधिकरणबाट फैसला समेत भई ऋण असूली प्रक्रियामा रहेको देखिएको र सो ऋण प्रवाह गर्दा प्रतिवादीहरुको बदनियत रहेको भन्ने आरोपदावी मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि हुन आएको नदेखिएको हुँदा सबै प्रतिवादीहरुले आरोपदावीबाट सफाइ पाउने ठहर्छ।	• प्रस्तुत मुद्दामा, साविकको रोयल मर्चेन्ट बैंकिङ एण्ड फाइनान्स लिमिटेड (मर्जर भई एपेक्स डेभलपमेन्ट बैंक लि. र सो बैङ्क समेत मर्जर भई हाल नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड) बाट प्रतिवादी रविन लामालाई कर्जा प्रवाह गर्दा उक्त लिमिटेडका संचालक तथा पदाधिकारीहरु एवं कर्मचारीहरु र ऋणी रविन लामा समेतको मिलेमतोमा ऋणी रविन लामाको नाममा रहेको झापा जिल्ला सावित धुलाबारी ७ मा पर्ने कि.नं.१८४५, २७१ र १८४३ का क्रमश ज.वि.०-११-१०, ०-१२-५ र ०-१-१० जम्मा २६ कट्ठा ५ धुर जग्गा धितो सुरक्षण राखी रु रु.९८,००,०००।- (अन्ठानब्बे लाख रुपैयाँ) कर्जा प्रवाह भएको मिसिल संलग्न उक्त कर्जा प्रवाह सम्बन्धी फायलको प्रतिलिपी कागजातहरुबाट देखिएको, सो कर्जा प्रवाह गर्दा ऋणीको हैसियत भन्दा बढी ऋण दिएको, धितोको अधिक मूल्याङ्कन गरेको तथा धितोले कर्जा रकम खाम्न सक्ने नदेखिएको, धितोमा राखेको जग्गाहरुको स्थलगत अनुगमन नगरेको, ऋणीको परिवारको व्यक्तिगत धनजमानी नलिई प्रतिवादीहरुले बदनियत पूर्वक कर्जा प्रवाह गरेको देखिएकोले कारवाहीको लागी पठाईएको भन्ने नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण बिभागको पत्र संख्या ९ मिति २०७७।०८।१७ को पत्र साथ प्राप्त प्रतिवेदनबाट देखिएको, उक्त कर्जाको साँवा/व्याज र अन्य शुल्क ऋणीबाट बैंकलाई तिर्न बुझाउन पर्ने बक्यौता रकम रु.२,०१,९४,५५६।३९ रहेको भन्ने नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. को च.नं. ५८ को मिति २०७७।०८।२५ को पत्रबाट देखिएको समेतका आधार प्रमाणबाट यी प्रतिवादीहरुले सार्वजनिक संस्था नागरिक लगानी कोषको समेत लगानी भएको उक्त बैङ्कबाट बदनियतपूर्वक कमसल धितो सुरक्षण लिई कर्जा प्रवाह गरी सार्वजनिक संस्थालाई हानि नोक्सानी पुऱ्याएको देखिई यी प्रतिवादीहरुले आरोपित कसूर गरेको पुष्टी भएकोमा प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला मिसिल संलग्न प्रमाण मूल्यांकन तथा विश्लेषणको रोहमा त्रुटिपूर्ण छ । • प्रस्तुत मुद्दामा, उक्त कर्जा लगानी भएको तत्कालिन रोयल मर्चेन्ट बैंकिङ एण्ड फाइनान्स लिमिटेडमा लगानी रहेको नागरिक लगानी कोष, नागरिक लगानी कोष ऐन, २०४७ अन्तर्गत स्थापित अवछिन्न उत्तराधिकारवाला एक स्वशासित संगठित संस्था हो । नागरिक लगानी कोष उक्त ऐनको दफा ४ मा व्यवस्था भए बमोजिम नेपाल सरकारको लगानी र नियन्त्रण रहेको सार्वजनिक वित्तीय संस्था हो ।Public fund प्रयोग गर्ने Private Institution हरुले सो हद सम्म Public Responsibility वहन गर्नु पर्ने हुन्छ । प्रस्तुत वारदातमा सार्वजनिक संस्था नागरिक लगानी कोषको Public fund प्रयोग गर्ने तत्कालिन रोयल मर्चेन्ट बैंकिङ एण्ड फाइनान्स लिमिटेडले ऋण प्रवाह गर्दा उक्त लगानी कोषको प्रतिनिधी प्रतिवादी छविरमण अधिकारीले उक्त फाईनान्स लिमिटेडको सञ्चालक समितिमा सहभागी भई वदनियतपूर्ण तरिकाले बैङ्किङ्ग प्रणाली विपरित कर्जा प्रहाव गरी नागरिक लगानी कोषलाई हानी नोक्सानी पुऱ्याई यी प्रतिवादीहरुले आरोपित कसूर गरेको निर्विवादरुपमा पुष्टि भएकोमा निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला Public fund प्रयोग गर्ने Private Institution हरुले सो हद सम्म Public Responsibility वहन गर्नु पर्छ भन्ने सिद्दान्तको प्रतिकूल भएकोले त्रुटिपुर्ण छ। • नागरिक लगानी कोषको समेत लगानी रहेको सावित रोयल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. दरबारमार्ग शाखाबाट प्रवाह भएका अधिकांश कर्जाहरुमा कर्जा प्रवाह सम्बन्धी न्यूनतम मापदण्डहरु समेत नअपनाई अनियमित तवरले कर्जा प्रवाह भएको, मर्जरमा जाने सहमतिपत्रमा हस्ताक्षर गरेपश्चात लापरवाही ढंगबाट अस्वभाविक रुपमा ठूलो मात्रामा कर्जा प्रवाह गरेको, संचालकहरु, कार्यकारी अधिकृत, शाखा प्रबन्धक, व्यवस्थापन समितिमा रहेका पदाधिकारीहरु, धितोको स्थलगत निरीक्षण गर्ने कर्मचारीहरु एवं धितो मूल्याङ्कनकर्ता र ऋणीले एकापसमा मिलेमतो गरी ऋणीको व्यावसाय नवीकरण नभएको, कर चुक्ता प्रमाणपत्रमा नोक्सान देखिएको, स्टक तथा रिसिभेवलको हाइपोथिकेसन तमसुक नभएको, व्यावसायिक

			ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर भएको हुँदा निजलाई सोही दफा १९ को उपदफा (२) बमोजिम सजाय गरी पाउन, (ग) प्रतिबादी मध्येका साविक रोयल मर्चेन्ट बैंकिङ एण्ड फाईनान्स लि.का सहायक महाप्रबन्धक प्रदिप बहादुर कर्माचार्य, बरिष्ठ प्रबन्धक विकास श्रेष्ठ र ऋणी रविन लामाको हकमाः मूख्य कसूरदारसँग मत सल्लाहमा लागि सार्वजनिक संस्थाको सम्पत्तिको बदनियत तथा लापरवाही गरी हिनामिना तथा हानि नोक्सानी गर्ने कार्यमा संलग्न भएको कुरा पुष्टि हुन आएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरको मतियार भई सोही ऐनको दफा २२ बमोजिम कसूरमा ऐ. दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम ऐ. दफा १७ अनुसारको कसूर गर्ने प्रतिबादी सरह नै सजाय गरी पाउन आरोप मागदावी । **अदालतको फैसला** • यी प्रतिवादिहरुले आरोपदावीको कसूरबाट सफाई पाउने ठहर गरी बिशेष अदालतबाट फैसला भएको देखिन्छ ।		सामानको विमा नगरिएको तथा व्यावसाय निरीक्षण प्रतिवेदन नभएको, व्यावसाय संचालनमा रहेको विश्वसनीय आधार नभएको र ऋणीको नरहे नभएको वित्तीय विवरणको आधारमा, धितो अयोग्य जग्गालाई धितोमा मूल्याङ्कन गर्ने तथा कमसल धितोलाई अधिक मूल्याङ्कन गर्ने, कार्यालयमै बसी उपत्यका बाहिरको धितो मूल्याङ्कन प्रतिवेदन तयार गर्ने, ऋणीको एकल धनजमानीमा कर्जा तमसुक तयार गर्ने, एकै दिनमा कर्जा निवेदन, धितो निरीक्षण, जग्गा खरिद, रोक्का, कर्जा जोखिम विभागको प्रतिवेदन, कर्जा सिफारिस, कर्जा स्वीकृति गरी कर्जा प्रवाह गर्ने, कर्जा नियमित बनाउन प्रक्रिया नपुगेको अवस्थामा नवीकरण गर्ने समेतको कर्जाको दुरुपयोग गरेको भन्ने तथ्य पुष्टि भईरहेको अवस्थामा सो तर्फ कुनै विश्लेषण नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण छ। • उक्त ऋण असुलीको विषयमा ऋण असुली न्यायाधिकरणमा र यसै विषयमा वैकिङ्ग कसूर मुद्दा विशेष अदालतमा समेत दायर भएको देखिएको भनि यी प्रतिवादीहरुलाई प्रस्तुत भ्रष्टाचार मुद्दामा सफाई दिने ठहर गरी फैसला भएको देखिन्छ। एकै कसूर (Same offence) को अवधारणालाई केन्द्रविन्दु मानी दोहोरो खतराको अवस्था निर्क्यौल गर्नुपर्ने हुन्छ। ICCPR को Article १४ को Sub Article (७) मा प्रयुक्त "for an offence for which he has already been finally committed or acquitted" वाक्यांशले सोही कसूरलाई नै केन्द्रविन्दु मानेको देखिँदा एकै कसूरको अर्थ "सोही कसूर जसमा सो व्यक्तिलाई पहिले नै सजाय वा सफाई" भएको भन्ने सीधा अर्थमा लिनु पर्ने देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कसूर मानिने कुनै कार्य अन्य कानून बमोजिम समेत कसूर मानिने रहेछ भने दुवै कानून बमोजिम अलग अलग मुद्दा चलाउन सकिने गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ को खण्ड (क) ले स्पष्ट कानूनी व्यवस्था गरेको देखिन्छ। सरकारी ओहदा, सरकारी सम्पत्ति, तथा सार्वजनिक सेवाको दुरुपयोग गरी व्यक्तिगत लाभमा प्रयोग हुनबाट रोक्ने उद्देश्यले यस ऐनको तर्जुमा भएको देखिन्छ। भ्रष्टाचारको विषय अन्य कसूरको विषयसँग दोहोरिन सक्ने (Overlapping) अवस्था रहेकोले अन्य कानून अन्तर्गत कारवाही भइसकेको भन्ने आधारमा मात्र भ्रष्टाचारको कसूर उपचार शुन्य नहोस भन्ने उद्देश्यले उक्त खण्ड (क) को प्रावधान विधायिकाले राखेको देखिन्छ। भ्रष्टाचार निवारण ऐन अन्तर्गतको विधायिकी उद्देश्य प्राप्तिमा कार्यधिगत अवरोध नहोस अर्थात दोहोरो खतराको सिद्धान्त बाधक नबनोस भन्ने यस कानूनी प्रावधानको आधारभूत उद्देश्य रहेको देखिन्छ। यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट"एउटै तथ्यबाट एक भन्दा बढी कसूर हुन सक्दछन्। यसरी समग्र तथ्य तथा सम्बद्ध कानूनी व्यवस्था एवम् त्यसले प्रदान गर्ने उपचारको व्यवस्था समेतका आधारमा फरक फरक अवस्थालाई प्रतिनिधित्व गरेबाट भ्रष्टाचार मुद्दा र ठगी मुद्दालाई एउटै विषय मान्न नमिल्ने। कसैले कानुनद्वारा निषेधित आपराधिक कार्य गरेको अवस्थामा त्यस्तो कार्यलाई अलग-अलग कानूनले अलग-अलग अपराध मान्दछ भने त्यसलाई एउटै कसूर मानेर एउटा मात्र कानुन अन्तर्गत कारवाही गर्नुपर्ने भनी सीमित तुल्याउन नमिल्ने" भनि(महेश चापागाई विरुद्ध नेपाल सरकार, ने.का.प. २०६९, अङ्क ८ निर्णय नं. ८८७४) प्रतिपादित सिद्दान्त तथा उक्त कानूनी व्यवस्था विपरित हुने गरी यसै विषयमा अन्य निकायमा मुद्दा चलेको भन्ने आधारमा यी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण हुँदा वदरभागी छ। • अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट यी प्रतिवादीहरुले बदनियत पूर्वक सार्वजनिक संस्था (नागरिक लगानी कोष) लाई हानि नोक्सानी पुऱ्याउने कार्य गरी आरोपित कसूर गरेको स-प्रमाण पुष्टी भएको अवस्थामा यी प्रतिवादीहरु छविरमण अधिकारी, बसन्त मल्ल, मधुवन लाल श्रेष्ठ, मधुरलाल सिन्या, भरतकाजी श्रेष्ठ, रिता बादे श्रेष्ठ सेवाचार्य, लोकेन्द्रमान कर्माचार्य, राजु पोखेल, प्रदिप बहादुर कर्माचार्य, विकास श्रेष्ठ र रविन लामालाई आरोप मागदावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिएकोलेप्रस्तुत फैसला उपर सर्वोच्च अदालत समक्ष पुनरावेदन गर्ने ।